"प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर"

परशुराम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः- २०८२/०८३
चलानी नम्बरः- २१३१

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

मितिः २०८३/०२/१२

विषयः आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन।

**श्री शाखा प्रमुखहरू (सबै),**
**श्री वडास्थित स्वास्थ्य सम्बद्ध कार्यालय प्रमुखहरू (सबै),**
**परशुराम नगरपालिका, जोगबुडा, डडेल्धुरा।**

यस परशुराम नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०२/०७ गते बसको ८३औं नगर कार्यपालिकाको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०८३/८४ का लागि नगर कार्यपालिकाको कार्यालयको शाखागत बजेट तथा कार्यक्रम तयार गरी पेस गर्ने निर्णय भएको ब्यहोरा विदितै छ। यस सन्दर्भमा यस नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा कार्यलाई व्यवस्थित, मितव्ययी, उत्पादनमुखी, नतिजामुखी, कार्यान्वयनयोग्य र प्रभावकारी बनाउन आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परशुराम नगरपालिकाका प्रचलित नीति, ऐन/नियम, कार्यविधि, मापदण्ड, निर्देशिका, नगर कार्यपालिकाका निर्णयहरू लगायत नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेश सरकारका प्रचलित क्षेत्रगत नीति तथा कानूनमा स्थानीय तहको अधिकारक्षेत्रभित्रका विषयहरूको परिधिमा रही देहायका विषयहरूलाई समेत गम्भीरतापूर्वक ध्यान दिई आफ्नो शाखा वा विषयक्षेत्र तथा कार्यालयसँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरू *मिति २०८३ जेठ २५ गतेभित्र अनिवार्य रूपमा* पेस गर्नुहुन अनुरोध छ।

तपसिलः–

(क) बजेट प्रस्तावः–

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाको अधिकारक्षेत्रभित्रका कार्यहरूको अधिनमा रही आफ्नो शाखाका लागि बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु हुनेछ।
२. नगर कार्यपालिका (कार्यविभाजन नियमावली), २०७४ बमोजिम सम्बन्धित विषयगत शाखालाई तोकिएका कार्य, गाउँ/नगरपालिकाको मौजुदा नीति, कार्यक्रम र आवधिक योजनाले निर्दिष्ट गरेका उद्देश्य, नीति तथा कार्यक्रमको आधारमा बजेट प्रस्ताव तयार गर्नु हुनेछ।
३. नगरपालिकाको मध्यमकालीन खर्च संरचनालाई ध्यानमा राखी सो बमोजिम कार्यान्वयन गरिने आयोजना वा कार्यक्रम र सो अन्तर्गतका क्रियाकलाप, सोको लागि निर्धारित खर्च मापदण्ड (नर्म्स) का आधारमा लाग्ने अनुमानित लागत तथा त्यस्तो लागत व्यहोरिने स्रोत निर्धारण गरी बजेट प्रस्ताव गर्नु हुनेछ।
४. आगामी आर्थिक वर्षको बजेट अनुमान र त्यसपछिका दुई आर्थिक वर्षका लागि सिर्जना भएको दायित्व सहितको खर्च र स्रोतको प्रक्षेपण गर्नु हुनेछ।

५. नगरपालिकाको क्षेत्रगत योजनाका लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुग्ने कार्यक्रमको लाभ लागत विश्लेषण गरी बजेट प्रस्ताव तयार गर्नु हुनेछ।

६. चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थापनका लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार र कारणसहित प्रस्तावित रकमको पुष्टि गर्ने आवश्यक नीति, कानून, खर्च मापदण्ड तथा सामाजिक कार्यका लागि नगरपालिकाको प्राथमिकता, लक्ष्य तथा प्रतिफल प्राप्त हुने विवरणसहितको पुष्टि पेस गर्नु हुनेछ।

७. बजेट प्रस्ताव गर्दा तोकिएको खर्चको मापदण्ड (नर्म्स) अनुसार गर्नु हुनेछ।

८. बजेट विनियोजनको प्रस्ताव गर्दा सिर्जित दायित्व तथा प्रतिबद्धता अनुसार ब्यहोर्नुपर्ने रकम, तलब, भत्ता र प्रशासनिक खर्च लगायतका खर्चका लागि पर्याप्त रकम छुट्याएर मात्र नयाँ आयोजना तथा कार्यक्रमका लागि रकम प्रस्ताव गर्नु हुनेछ।

९. शाखालाई प्राप्त बजेट सीमाभित्र रहेर मात्र बार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु हुनेछ। बजेट कार्यान्वयनका क्रममा रकमान्तर गर्न नपर्ने गरी यथार्थपरक बजेट प्रस्ताव गर्नु हुनेछ।

१०. विनियोजन कुशलता हासिल गर्न आयोजना तथा कार्यक्रममा दीर्घकालीन आर्थिक दायित्व सिर्जना गर्ने प्रकृतिका क्रियाकलाप समावेश नगरी आयोजना तथा कार्यक्रमको उद्देश्यलाई प्रत्यक्ष रूपमा योगदान पुऱ्याउने क्रियाकलापमा मात्र बजेट प्रस्ताव गर्नु हुनेछ।

११. अनिवार्य दायित्व (तलब, भत्ता, बीमा, घरभाडा, बिजुली, सञ्चार, आदि) मा आवश्यक पर्ने रकम विनियोजन गरेर मात्र अन्य प्रशासनिक खर्चमा रकम प्रस्ताव गर्नु हुनेछ।

१२. चालु खर्च प्रस्ताव गर्दा इकाइ र लागत विश्लेषणका आधारमा उच्च मितव्ययिता कायम हुने गरी अत्यावश्यक रकम मात्र प्रस्ताव गर्नु हुनेछ।

१३. स्वीकृत दरवन्दीभित्र रहेर मात्र अस्थायी र सेवा करारका लागि बजेट प्रस्ताव गर्नु हुनेछ।

१४. तहगत कार्य जिम्मेवारीका आधारमा नगरपालिकाको कार्यक्षेत्रभित्रको आयोजना तथा कार्यक्रमका लागि मात्र बजेट प्रस्ताव गर्नु हुनेछ। संघ सरकार र प्रदेश सरकारको कार्यक्षेत्रमा पर्ने आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु हुने छैन।

१५. संघ सरकार तथा प्रदेश सरकार अन्तर्गतका निकायहरू, विश्वविद्यालय तथा क्याम्पस, सुरक्षासँग सम्बन्धित निकायहरू, निजी फर्म तथा प्रतिष्ठान लगायत नगरपालिकाको क्षेत्राधिकारभन्दा बाहिरका अन्य संस्था तथा निकायहरूका लागि बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु हुने छैन।

१६. बजेट विनियोजन गर्दा खर्च गर्न सक्ने क्षमता समेतलाई विश्लेषण गरी प्रस्ताव गर्नु हुनेछ।

(ख) <u>आयोजना तथा कार्यक्रम प्रस्तावः–</u>

१७. सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका तथा क्रमागत रूपमा कार्यान्वयनमा रहेका आयोजनाको हकमा क्रमागत आयोजना स्वीकृतिको प्रमाण, खरिद कार्ययोजना तथा वार्षिक खरिद योजना वा सम्झौता

प्रमुख प्रशासकीय अधिकृत

अनुरूप आगामी वर्षको कार्ययोजना र प्रतिफल प्राप्तिका लागि आवश्यक पर्ने रकम प्रस्ताव गर्नु हुनेछ।

१८. आयोजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नु हुनेछ।

१९. हाल कार्यान्वयनमा रहेका आयोजना तथा कार्यक्रम आगामी आर्थिक वर्षमा सम्पन्न हुने भएमा सोका लागि पर्याप्त बजेट विनियोजन गरी सकेपछि मात्र पूर्वतयारी सम्पन्न भएका र कार्यान्वयनयोग्य नयाँ कार्यक्रम तथा आयोजनाका लागि मात्र बजेट प्रस्ताव गर्नु हुनेछ।

२०. पूर्वतयारी सम्पन्न नभएका नयाँ आयोजना तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट प्रस्ताव गर्नुहुने छैन र त्यस्ता आयोजना तथा कार्यक्रमको पूर्वतयारीका लागि बजेट प्रस्ताव गर्दा एउटै प्रकृतिका आयोजना तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण हुने गरी एउटै क्रियाकलापमा समूहीकृत गरेर बजेट प्रस्ताव गर्नु हुनेछ।

२१. नयाँ योजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा पूँजीगत प्रकृतिको भए स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा आगामी वर्ष खर्च हुन सक्ने रकमको प्राविधिक र आर्थिक पुष्टिसहित प्रस्ताव गर्नु हुनेछ।

२२. स्रोतको सुनिश्चितता नगरी नयाँ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुने छैन।

२३. नगरपालिकाको उपलब्ध सीमित स्रोतको उत्पादनमुखी, उपलब्धिमूलक र प्रभावकारी उपयोग गर्न वितरणकारी र साना तथा टुक्रे आयोजना तथा कार्यक्रममा रकम विनियोजन गर्नुहुने छैन।

२४. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा संघ सरकार र प्रदेश सरकारबाट नगरपालिकाभित्र कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमसँग दोहोरोपना नपर्ने गरी गर्नु हुनेछ।

२५. सार्वजनिक खरिद गर्नुपर्ने पूँजीगत बजेट प्रस्ताव गर्दा खरिद योजना समेत संलग्न गरी बजेट प्रस्ताव गर्नु हुनेछ।

२६. बजेट स्वीकृत भएको पहिलो हप्ताभित्रै सार्वजनिक खरिद प्रक्रिया प्रारम्भ गर्न सकिने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिएर बजेट प्रस्ताव गर्नु हुनेछ।

## (ग) बहुवर्षीय आयोजना तथा सिर्जित दायित्व व्यवस्थापनः–

२७. आर्थिक बर्ष २०८३/८४ का लागि सिर्जना हुने आर्थिक दायित्व भुक्तानी गर्न पुग्ने रकम छुट्याएर मात्र अन्य आयोजना तथा कार्यक्रममा बजेट प्रस्ताव गर्नु हुनेछ।

२८. बहुवर्षीय र क्रमागत आयोजनालाई पहिलो प्राथमिकता दिई अनिवार्य रूपमा बजेट प्रस्ताव गर्नु हुनेछ।

२९. स्थानीय गौरवका आयोजनका लागि आगामी आर्थिक वर्षमा आवश्यक पर्ने रकम सुनिश्चित गरी अनिवार्य रूपमा बजेट प्रस्ताव गर्नु हुनेछ।

३०. विगत लामो समयदेखि ठेक्का प्रक्रियामा गई काम सम्पन्न नभएका अधुरा आयोजनाहरूका हकमा आगामी वर्षका लागि आवश्यक रकम प्राप्त बजेट सीमाको अधिनमा रही बजेट प्रस्ताव गर्नु हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

३१. संघ तथा प्रदेश सरकारसँगको लागत साझेदारी अन्तर्गत सम्झौता भई कुनै आयोजना कार्यान्वयन भइरहेको वा आगामी वर्षबाट हुने भएमा सम्झौता बमोजिम समपूरक कोष (Counterpart Fund/Matching Fund) का लागि पर्याप्त बजेट प्रस्ताव गर्नु हुनेछ।

३२. तीन वर्षभन्दा बढी समय लाग्ने बहुवर्षीय आयोजनाका हकमा बजेट प्रस्ताव गर्दा मध्यमकालीन खर्च संरचनामा उल्लेख गरिएको बजेट बाहेक थप वर्षमा लाग्ने खर्चको अनुमान पनि प्रस्ताव गर्नु हुनेछ।

## (घ) अन्तर-सरकारी वित्तीय हस्तान्तरणः-

३३. नगरपालिकाले संघ सरकार तथा प्रदेश सरकार समक्ष प्रस्ताव गरेका समपूरक अनुदानबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमका लागि आवश्यक पर्ने पर्याप्त रकम विनियोजन गरी बजेट प्रस्ताव गर्नु हुनेछ।

३४. नगरपालिकाले संघ सरकार तथा प्रदेश सरकार समक्ष विशेष अनुदानबाट सञ्चालनका लागि प्रस्ताव गरेका आयोजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु हुनेछ।

३५. ससर्त अनुदानबाट खर्च ब्यहोर्नु पर्ने गरी कार्यरत जनशक्तिका लागि आवश्यक तलब, भत्ता लगायतका अनिवार्य दायित्वमा पर्याप्त रकम प्रस्ताव गर्नु हुनेछ।

## (ङ) वित्तीय अनुशासन तथा मितव्ययिता कायम गर्नेः-

३६. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) बमोजिम प्रशासनिक खर्च (कार्यक्रम सम्बन्धी खर्चहरू बाहेक), अनुगमन तथा मूल्याङ्कन खर्च, भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको अध्ययन तथा भ्रमण खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा/घर/सवारी साधन/मेसिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता, भैपरी आउने चालु खर्च जस्ता शीर्षक वा विषयमा ***वित्तीय समानीकरण अनुदान स्रोतको रकम प्रयोग नगरी*** बजेट प्रस्ताव गर्नु हुनेछ।

३७. नागरिकहरूलाई वासस्थानको आधारमा भेदभाव नहुने गरी आधारभूत सार्वजनिक सेवाहरू न्यूनतम र समतामूलक रूपमा प्रदान गर्ने, स्थानीय तहले उपलब्ध गराउनुपर्ने शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, पोषण जस्ता आधारभूत सेवा सुविधा प्रदान गर्ने, सबै वर्ग, क्षेत्र, समुदाय, जातजाति, अल्पसंख्यक, सीमान्तकृत, अशक्त र असहायहरूको सशक्तिकरण गरी विकासको मूलप्रवाहमा ल्याउन ल्याउने, स्थानीय तहहरूबीच विकास निर्माण र सेवा प्रवाहमा सकारात्मक प्रतिस्पर्धा गर्दै सन्तुलित विकास हासिल गर्ने, स्थानीय तहमा रहेको आर्थिक सामाजिक असमानता न्यूनीकरण गर्ने, सडक, सिंचाइ, विद्युत, सञ्चार लगायतका पूर्वाधार विकास गर्ने, राष्ट्रिय तथा प्रादेशिक मापदण्ड र राष्ट्रिय तथा प्रादेशिक विकास लक्ष्य हासिल गर्ने, तथा संविधानले प्रत्याभूत गरेको खर्चको जिम्मेवारी पूरा गर्ने प्रकृतिका आयोजना तथा कार्यक्रमहरूमा ***वित्तीय समानीकरण अनुदान स्रोत प्रयोग गरी*** बजेट प्रस्ताव गर्नु हुनेछ।

३८. नेपालको संविधानले स्थानीय सरकारलाई प्रत्याभूत गरेको जिम्मेवारी सम्पादन गर्ने, स्थानीय सरकारले जनतालाई पुऱ्याउनुपर्ने सेवा, विकास निर्माणका कार्य, गरिबी एवम् आर्थिक सामाजिक असमानताको

न्यूनीकरण, विभेदीकरणको अन्त्य, आपतमा परेकाहरूको संरक्षण, मानवीय जीवनस्तरको अभिवृद्धि, आकस्मिक कार्य र कुनै अस्थायी आवश्यकता पूरा गर्ने खालका आयोजना तथा कार्यक्रममा राजस्व बाँडफाँड स्रोतको रकम विनियोजन गरी बजेट प्रस्ताव गर्नु हुनेछ।

३९. आगामी आर्थिक वर्षका लागि कार्यक्रम तथा क्रियाकलाप प्रस्ताव गर्दा *एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४* को पूर्ण रूपमा पालना गरी, पछि संशोधन गर्न आवश्यक नपर्ने गरी स्पष्ट, यथार्थपरक र पूर्ण विवरणसहित प्रस्ताव गर्नु हुनेछ।

४०. बजेटलाई अवण्डामा राख्ने प्रवृत्तिको अन्त्य गर्न आयोजना तथा कार्यक्रमलाई स्पष्ट रूपमा क्रियाकलापगत रूपमा बाँडफाँड गरेर मात्र बजेट प्रस्ताव गर्नु हुनेछ।

४१. नगरपालिकाको आन्तरिक स्रोत परिचालनमा बढोत्तरी हुने खालका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु हुनेछ। साथै, नगरपालिकाको *"राजस्व सङ्कलन तथा चुहावट नियन्त्रण सुधार कार्ययोजना"* तर्जुमाका लागि आवश्यक विनियोजन गर्नु हुनेछ।

४२. नेपाल सरकार, अर्थ मन्त्रालयमा मिति २०८३/०१/१३ गते सम्पन्न भएको अन्तर-सरकारी वित्त परिषद् र विषयगत समितिको बैठकका निर्णयहरूलाई ध्यानमा राखी बजेट प्रस्ताव गर्नु हुनेछ।

४३. नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०८२/०६/०५ गतेको आयोजनाको पुनःप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र खर्च व्यवस्थापनसम्बन्धी निर्णयानुसार हुने गरी चालु प्रकृतिका खर्च कम गर्ने गरी बजेट प्रस्ताव गर्नु हुनेछ।

४४. सफ्टवेयर खरिद र परामर्श सेवा लगायतका खर्च शीर्षकमा पर्याप्त आधार र लागत प्रभावकारिता विश्लेषण गरेर मात्र एकीकृत प्रणालीको विकासमा सहयोग पुग्ने गरी बजेट प्रस्ताव गर्नु हुनेछ।

४५. आवश्यक पूर्वाधार तयार नभई उपयोगमा नआउने प्रकृतिका सामाग्रीहरू, जस्तैः मेसिन उपकरण तथा फर्निचर, आदि खरिद गरी मौज्दातमा राख्ने गरी बजेट प्रस्ताव गर्नुहुने छैन।

## (च) बजेट तर्जुमाका मार्गदर्शक आधारहरूको पालना:-

४६. परशुराम नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२ को दफा ११ तथा ऐ.ऐनको दफा १२ बमोजिमका विषयहरूलाई ध्यानमा राखी बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु हुनेछ।

४७. सोह्रौं योजना तथा सोको कार्यान्वयन कार्ययोजना, तथा सुदूरपश्चिम प्रदेशको पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेको सोच, लक्ष्य, उद्देश्य, कार्यक्रम, क्रियाकलापहरू, र विषय क्षेत्रगत नतिजा सूचकहरूमा निर्धारण गरिएका लक्ष्य हासिल गर्न योगदान पुग्ने गरी बजेट तथा कार्यक्रमको प्रस्ताव गर्नु हुनेछ ।

४८. दीगो विकासका लक्ष्य तथा तिनको स्थानीयकरण (SDG Localization), जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, मानव अधिकारको रक्षा, संवर्द्धन तथा प्रवर्द्धन जस्ता अन्तरसम्बन्धित विषयहरूलाई समावेश गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु हुनेछ।

४९. बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा उत्पादन र उत्पादकत्व वृद्धि हुने, स्थानीयस्तरमा उद्यमशीलताको विकास तथा पर्याप्त रोजगारीका अवसर सिर्जना हुने र स्थानीय आर्थिक गतिविधिलाई चलायमान

बनाउने खालका आर्थिक वृद्धिलाई सघाउ पुऱ्याउने (Growth-supportive) आयोजना तथा कार्यक्रमलाई उच्च प्राथमिकता दिनु हुनेछ।

५०. नेपाल सरकारको नीति तथा कार्यक्रम, विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकारबाट समय-समयमा भएका निर्णयहरू तथा प्राप्त भएका निर्देशनलाई अनुशरण गरी सो अनुसार बजेट प्रस्ताव गर्नु हुनेछ।

५१. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन तथा समय-समयमा प्राप्त हुने सुझावहरू, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदन तथा वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँड, प्राकृतिक स्रोत (रोयल्टी) को बाँडफाँड र ऋणको सीमा सम्बन्धमा गरिएका सिफारिसहरूलाई अनुशरण गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु हुनेछ।

५२. नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०८२/१२/१३ को निर्णयबाट स्वीकृत ***"शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची"*** मध्ये स्थानीय तहको क्षेत्राधिकारसँग सम्बन्धित विषयहरूलाई उच्च प्राथमिकतामा राखी बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु हुनेछ।

५३. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट जारी भएको ***"सुशासन मार्गचित्र, २०८२"*** मा स्थानीय तहको विषयक्षेत्रसँग सम्बन्धित नागरिकका अपेक्षा र सुधारका लागि सिफारिस गरिएका सुझावहरूको अध्ययन गरी बजेट तथा कार्यक्रम प्रस्ताव गर्नु हुनेछ।

५४. आफ्नो शाखा तथा विषयक्षेत्रसँग सम्बन्धित नेपाल सरकार तथा प्रदेश सरकारका क्षेत्रगत नीति, कानून, कार्यविधि तथा मापदण्ड, अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् राष्ट्रिय विकासका लक्ष्य प्राप्तिमा सहयोग गर्ने आयोजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्नु हुनेछ।

(छ) <u>शाखा तथा विषयक्षेत्रगत मार्गदर्शनः</u>–

५५. नगरपालिकाको साक्षरता दरमा उल्लेख्य वृद्धि हुने, शिक्षाको गुणस्तर तथा विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि हुने तथा सीपयुक्त र बजारमा प्रतिस्पर्धा गर्न सक्ने खालका जनशक्ति उत्पादनमा प्रत्यक्ष सहयोग गर्ने कार्यक्रम प्रस्ताव गर्नु हुनेछ।

५६. प्रादेशिक र राष्ट्रियस्तरको खेलमा प्रतिस्पर्धा तथा योगदान गर्न सक्ने खेलाडीको उत्पादन गर्ने, खेल पर्यटनलाई प्रवर्द्धन गर्ने तथा व्यावसायिक रूपमा सम्भावना भएका खेलकूद सम्बन्धी कार्यक्रमहरू प्रस्ताव गर्नु हुनेछ।

५७. स्वास्थ्य सूचकहरूमा सुधार हुने गरी गुणस्तरीय, सर्वसुलभ र प्रभावकारी आधारभूत स्वास्थ्य सेवा, पोषण, खोप तथा सुदृढ जनस्वास्थ्य प्रणालीको विकासको सुनिश्चितता गर्ने खालका कार्यक्रमहरू प्रस्ताव गर्नु हुनेछ।

५८. शिक्षा र स्वास्थ्य क्षेत्रमा विगतका वर्षहरूमा सञ्चालित प्रमुख कार्यक्रमहरूको प्रभावकारिता अध्ययन तथा तथ्यांक सुदृढीकरणका लागि आवश्यक विनियोजन प्रस्ताव गर्नु हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

५९. नगरपालिकामा विद्यमान गरिबी र बेरोजगारीलाई घटाउन व्यावसायिक तथा सीपमूलक तालिम, क्षमता विकास, उद्यमशीलता प्रवर्द्धन, तथा स्थानीयस्तरमा रोजगारीका पर्याप्त अवसरहरू सिर्जना हुने खालका कार्यक्रमहरू प्रस्ताव गर्नु हुनेछ।

६०. कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि, आधुनिकीकरण, यान्त्रीकरण, बजारीकरण, व्यावसायिकरण र स्थानीयकरणमा प्रत्यक्ष योगदान गर्ने खालका कार्यक्रमहरू प्रस्ताव गर्नु हुनेछ।

६१. बालीनाली संरक्षण, रोग तथा कीरा नियन्त्रण, जैविक मल तथा भर्मी कम्पोष्ट मल (Vermicompost), साना कृषि सिँचाईसम्बन्धी कार्यक्रमहरूमा विनियोजन प्रस्ताव गर्नु हुनेछ।

६२. लोपोन्मुख पशुपंक्षीको संरक्षण र संवर्द्धनका कार्यक्रमहरू प्रस्ताव गर्नु हुनेछ। साथै, कृत्रिम तथा प्राकृतिक तरिकाले नश्ल सुधार गरी कृषकहरूको आय आर्जनमा वृद्धि गर्ने खालका कार्यक्रमहरू पेस गर्नु हुनेछ।

६३. कृषि तथा पशु सेवासँग सम्बन्धित विगतका वर्षहरूमा सञ्चालित कार्यक्रमहरूको निरन्तरता दिँदै प्रमुख कार्यक्रमहरूको प्रभावकारिता अध्ययनका लागि बजेट प्रस्ताव गर्नु हुनेछ।

६४. सहकारीहरूलाई COPOMIS मा आबद्ध गराउने तथा सहकारीको प्रवर्द्धन, नियमन तथा अनुगमनलाई प्रभावकारी बनाउने र सहकारीलाई उत्पादन तथा आर्थिक वृद्धिसँग जोड्ने खालका कार्यक्रमहरू प्रस्ताव गर्नु हुनेछ।

६५. जडिबुटी संकलन, प्रशोधन तथा उत्पादनलाई व्यवस्थित, व्यावसायिक र बजारमुखी बनाउन छुट्टै नीति तर्जुमा र कार्यक्रमको प्रस्ताव गर्नु हुनेछ।

६६. शारीरिक, मानसिक तथा सामाजिक रूपमा स्वस्थ, सभ्य, नैतिकवान् नागरिक तथा सामाजको निर्माणका लागि योग तथा ध्यानसँग सम्बन्धित कार्यक्रमहरू प्रस्ताव गर्नु हुनेछ।

६७. स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्योग तथा त्यस्ता व्यावसायीहरूलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरू प्रस्ताव गर्नु हुनेछ।

६८. नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू तथा अन्तर्गतका निकायहरूबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउन एकीकृत अनलाइन सेवा तथा सूचना व्यवस्थापन प्रणाली, एकद्वार सेवा प्रणाली, डिजिटल सहायता कक्ष, अनलाइन गुनासो व्यवस्थापन, तथा कर्मचारीहरूको सूचना प्रविधि क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरूका लागि बजेट प्रस्ताव गर्नु हुनेछ।

६९. प्रशासन सुधार तथा सुशासन कायम गर्नका लागि नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण, कार्यसञ्चालन विधि (SOP), पदगत कार्यविवरण, अभिलेख व्यवस्थापन, सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई, नागरिक बडापत्र, कर्मचारीको क्षमता अभिवृद्धिका लागि तालिम तथा प्रशिक्षण जस्ता कार्यक्रमका लागि बजेट प्रस्ताव गर्नु हुनेछ।

७०. नगरपालिकामा वित्तीय अनुशासन कायम गर्न सघाउ पुर्‍याउने खालका कार्यक्रमहरू (जस्तै, आन्तरिक नियन्त्रण प्रणाली तथा सार्वजनिक खरिद कानूनको अभिमुखीकरण, खरिद योजना तर्जुमा कार्यशाला, बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तर्जुमा कार्यशाला, लेखा समितिको क्रियाशीलता, आर्थिक

अनियमितता तथा बेरूजु नियन्त्रण, सार्वजनिक खर्चमा मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा, कार्यक्रम सञ्चालन प्रस्ताव तयारी र टिप्पणी लेखन, प्राविधिक प्रतिवेदनहरूको सामान्य अध्ययन सीप तथा ज्ञान, आयोजना अनुगमन तथा मूल्यांकन सीप, प्रतिवेदन तयारी सीप, आदि) का लागि अनिवार्य रूपमा बजेट प्रस्ताव गर्नु हुनेछ।

७१. उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजना तथा आयोजनालाई प्रभावकारी बनाउन उपभोक्ताहरूलाई योजना तर्जुमा, छनौट, प्राथमिकीकरण र योजना कार्यान्वयनसम्बन्धी अभिमुखीकरण, कागजात व्यवस्थापन सीप तथा ज्ञान, निर्माण सामाग्री खरिदसम्बन्धी बजार ज्ञान, र योजनाको उपभोग सम्बन्धी अभिमुखीकरण जस्ता कार्यक्रमहरू प्रस्ताव गर्नु हुनेछ।

७२. ठूला आयोजनाका सम्बन्धमा बजेट प्रस्ताव गर्दा आयोजना कार्यान्वयन तालिका, अनुगमन तथा मूल्यांकन योजना, निरीक्षण योजना, प्रतिवेदन तयारी, आयोजना कार्यान्वयनको निरन्तर अनुगमन, निर्माण व्यावसायीहरूलाई अभिमुखीकरण, पूर्वाधार प्रयोगशाला स्थापना, प्राविधिक कर्मचारीहरूको क्षमता विकास र आयोजना सुशासन जस्ता कार्यक्रमहरू प्रस्ताव गर्नु हुनेछ।

७३. महिला, बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, दलित, अशक्त तथा अपांगता भएका, यौनिक अल्पसंख्यक, पिछडिएका, आर्थिक तथा सामाजिक रूपमा विपन्न, राज्यको मूलधारमा आउन नसकेका, सीमान्तीकृत, उत्पीडित, स्रोत साधनमा पहुँच नभएका कमजोर तथा विपन्न वर्ग समुदायलाई समेट्ने गरी कार्यक्रम प्रस्ताव गर्नु हुनेछ।

७४. बेरोजगार, वैदेशिक रोजगारमा गएर फर्किएका, सीप तथा क्षमता भएका युवा तथा व्यक्तिहरूलाई स्वरोजगार बनाउने तथा बजारमा प्रतिस्पर्धा गर्न सक्ने खालका सीप तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू प्रस्ताव गर्नु हुनेछ।

७५. वैदेशिक रोजगारमा गएर फर्किएका व्यक्तिहरूका लागि वित्तीय साक्षरता तथा डिजिटल साक्षरता अभिवृद्धि तथा विस्तार गर्नमा सघाउ पुऱ्याउने प्रकृतिका कार्यक्रमहरू प्रस्ताव गर्नु हुनेछ।

७६. नगरपालिकाका विद्यमान नीति, ऐन/कानून, कार्यविधि, मापदण्ड, निर्देशिका लगायतका कानूनमा सामयिक परिमार्जन, संशोधन तथा सुधार र नयाँ कानूनको तर्जुमाका लागि आवश्यक विनियोजन प्रस्ताव गर्नु हुनेछ। साथै, न्यायिक समितिको क्षमता विकास र विगतका वर्षहरूमा न्यायिक समितिबाट सम्पादन भएका कार्यहरूको प्रभावकारिता अध्ययनका लागि कार्यक्रम प्रस्ताव गर्नु हुनेछ।

७७. दीगो विकास, वातावरण संरक्षण, जैविक विविधता संरक्षण, फोहोरमैला तथा प्रदूषण व्यवस्थापन र सरसफाई, विपद् व्यवस्थापन तथा पूर्वतयारी, प्रतिकार्य, सचेतना अभिवृद्धिका लागि उपलब्धिमूलक, कार्यान्वयनयोग्य र प्रभावकारी कार्यक्रमहरू प्रस्ताव गर्नु हुनेछ।

७८. हरेक कार्यक्रम प्रस्ताव गर्दा चालु खर्च (ब्यानर, गाडी भाडा, सहभागी भत्ता, दैनिक तथा भ्रमण भत्ता, खाजा, पानी र खाना, होटलबास, अतिथि सत्कार, यातायात खर्च, आदि) लाई न्यूनतम् सीमामा राखी खर्चको मापदण्ड निर्धारण गरेर मात्र कार्यक्रमको उद्देश्य र उपलब्धि हासिल गर्ने क्रियाकलापहरूमा बजेट केन्द्रित गर्नु हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या:- २०८२/०८३
चलानी नम्बर:- 2929

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

७९. कार्यक्रम प्रस्ताव गर्दा नगरपालिकाको विद्यमान आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँड लगायतका स्रोतहरूको उपलब्धताका आधारमा उच्च मितव्ययिता, नतिजामूलक तथा उपलब्धिमूलक हुने गरी मात्र बजेट प्रस्ताव गर्नु हुनेछ।

८०. स्रोतको अभाव हुने तथा स्रोत सुनिश्चितता नहुने विषयको ज्ञात हुँदाहुँदै समेत आयोजना तथा कार्यक्रममा रकम विनियोजन गरी बजेट प्रस्ताव गर्नु हुनेछैन।

२०८२/०२/१२
(शोभा जोशी)
योजना शाखा प्रमुख

२०८२/०२/१२
(खगेन्द्र साउँद)
प्रमुख प्रशासकीय अधिकृत

अवगतार्थ:–

श्री नगर प्रमुखज्यू: जानकारीका लागि अनुरोध छ।

श्री नगर उपप्रमुखज्यू: जानकारीका लागि अनुरोध छ।

कार्यार्थ:–

श्री प्रशासन/योजना शाखा: सबै शाखाहरू र वडास्थित स्वास्थ्य सम्बद्ध कार्यालयहरूलाई तत्काल जानकारी गराउनुहुन।

श्री सूचना प्रविधि शाखा: नगरपालिकाको Website र आधिकारिक Facebook Page मा समेत Upload गर्नुहुन।